जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १५५ ❑ २०८३ जेठ २८ गते बिहीबार ❑ Thursday, 11 June, 2026 ❑ मूल्य ७ /-



## प्रधानमन्त्रीको भारत भ्रमणको सेरोफेरोमा नेपालको राजनीति

सत्येन्द्रलाल कर्ण

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**आमा डेन्टल प्रा.लि.**
AAMA Dental — We Care For Your Smile

आफ्नो स्थापनाको **१० औं को वार्षिकोत्सव**

शुभअवसरमा आफ्ना आदरणीय सेवाग्राहीहरूका लागि.....
**विशेष अफर**
प्रदान गर्दछौं ।

१ निःशुल्क ओपीडी सेवा ।
२ डेन्टल एक्स-रेमा ५०% छुट ।
३ सबै किसिमका दन्त उपचार सेवामा २०% सम्म छुट ।

यो अफर जेठ महिना भरि लागु हुनेछ....

दमक-६, थानारोड (प्रधान कार्यालय) सम्पर्क नम्बर : 023-572643/ 9814912500
दमक-१, रवि स्टेन्ड गेट नजिक (शाखा कार्यालय) सम्पर्क नम्बर : 023-577816

# दमक अस्पताल प्रदेशकै उत्कृष्ट

- ८९ प्रतिशत अंकसहित ग्रिन 'कोड' प्राप्त
- बिरामी अभिलेख वेबसाइट, डिजिटल प्रणालीमा
- देशकै अब्बल सरकारी अस्पतालतर्फ उन्मुख
- ६/६ बेडका आसियु, क्याविन र एचडियु सञ्चालन

खगेन्द्र कार्की




**दमक/** दमक अस्पतालले स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड (एमएसएस) मूल्यांकनमा ८९ प्रतिशत अंक प्राप्त गर्दै 'ग्रिन कोड' हासिल गरेको छ । स्वास्थ्य निर्देशनालयको प्राविधिक टोलीले गरेको स्थलगत निरीक्षण तथा मूल्यांकनपछि अस्पतालले कोशी प्रदेशकै उत्कृष्ट सरकारी स्वास्थ्य संस्थामध्ये एकका रूपमा स्थापित भएको छ । यस उपलब्धिसँगै अस्पताल देशकै अब्बल सरकारी अस्पतालतर्फ उन्मुख भएको संकेत देखाएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष तथा नगरप्रमुख रामकुमार थापाले बताए ।

स्वास्थ्य निर्देशनालयबाट खटिएका टोलीले अस्पतालको सेवा, व्यवस्थापन, पूर्वाधार तथा स्वास्थ्य मापदण्डको विस्तृत मूल्यांकन गरेको थियो । मूल्यांकनका सन्दर्भमा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्ण साहले अस्पतालले यस वर्ष ८९ प्रतिशत अंक प्राप्त गरी 'ग्रिन कोड' हासिल गरेको जानकारी दिए ।

साहका अनुसार पछिल्ला केही वर्षयता अस्पतालले निरन्तर सुधार गर्दै आएको तथ्यांकले देखाएको छ । आर्थिक वर्ष २०७९/८० मा ४५ प्रतिशत अंक प्राप्त गरेको अस्पतालले २०८०/८१ मा ७१ प्रतिशत र २०८१/८२ मा ८४ प्रतिशत अंक हासिल गरेको थियो । चालु आर्थिक वर्ष २०८२/८३ मा आइपुग्दा अस्पतालले ८९ प्रतिशत अंक प्राप्त गर्दै उल्लेखनीय प्रगति गरेको हो ।

अस्पतालले छोटो समयमै गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्दै नागरिकको विश्वास जित्न सफल भएको दावी नगरप्रमुख थापाको छ । चिकित्सक तथा कर्मचारीहरूको मेहनत र समर्पणका कारण यो उपलब्धि सम्भव भएको उल्लेख गर्दै पूर्वी नेपालकै भरपर्दो स्वास्थ्य संस्थाका रूपमा अस्पताल अगाडि बढेको भर्खरै प्राप्त अकले देखाएको बाँकी 8 पेजमा ▸▸

# कोशी प्रदेशको ३८ अर्ब बढीको बजेट तयारी

**दमक/** कोशी प्रदेश सरकारले यो आर्थिकवर्ष बजेट बृद्धि गर्ने भएको छ । चालू आर्थिक वर्षका लागि ३६ अरब २ करोड २ लाख रूपैयाँ बराबरको बजेट ल्याएको थियो, आगामी आर्थिक वर्ष ०८३/८४ का लागि चालू आर्थिक वर्षभन्दा करिब २ अर्ब बढीको बजेट ल्याउने तयारी गरेको छ ।

चालू आर्थिक वर्षमा बजेट खर्चको प्रतिशत घटेकाले नगद मौज्दात बढेको र संघीय सरकारले दिने अनुदान रकम पनि बढाएकाले करिब ३८ अर्बको हाराहारीको बजेट आउन सक्ने कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री विदुर कुमार लिङ्थेपले जानकारी दिए ।

उनले प्रदेश प्रति जनआस्था बढाउने गरी शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार र सूचना प्रविधिलाई उच्च प्राथमिकता दिने गरी नीति तथा कार्यक्रम ल्याइएकाले सोही क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट ल्याउने तयारी भइरहेको बताए ।

संघीय सरकारले ल्याएको बजेटमा शिक्षा र स्वास्थ्यमा ३ प्रतिशत समता शुल्क र ५० युनिट भन्दा बढी बिजुली खपत गर्नेलाई ५ प्रतिशत भ्याट लगाउने नीति ल्याएपछि प्रदेश सरकारले निम्न मध्यम वर्ग तथा सुकुम्वासीलाई दृष्टिगत गरेर केही राहतका कार्यक्रम पनि ल्याउन लागेको मन्त्री लिङ्थेपले उल्लेख गरे ।

अघिल्लो वर्ष करिब ८० प्रतिशतसम्म बजेट खर्च भएकोमा चालू आर्थिक वर्षमा करिब ७० प्रतिशत मात्र बजेट खर्च हुने अनुमान छ ।

गत वैशाख मसान्त सम्म कोशी प्रदेश सरकारको संचित कोषमा करिब १२ अर्ब ८१ करोड ४१ लाख रूपैयाँ नगद मौज्दात रहेको बताइएको छ ।

## ४ सय ३० किलो गाँजा बरामद

**सुनसरी/** सुनसरीको बराहक्षेत्र नगरपालिका-२ स्थित पटनाली जंगलबाट प्रहरीले ४ सय ३० किलो गाँजा बरामद गरेको छ ।

बेवारिसे अवस्थामा फेला परेको गाँजासँगै एउटा मोटरसाइकल पनि नियन्त्रणमा लिइएको छ। प्रहरीका अनुसार को २४ प ६७४ नम्बरको मोटरसाइकल र १५ वटा बोरामा प्याक गरिएको गाँजा बरामद गरिएको हो। बरामद गाँजा र मोटरसाइकललाई इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा राखिएको छ ।

## झापा काँग्रेसमा ६० प्रतिशत मात्रै अद्यावधिक

**दमक/** झापा कांग्रेसमा कार्यकर्ताहरूको डिजिटल अद्यावधिक गर्ने संख्या मुश्किलले ६० प्रतिशत मात्रै पुग्ने भएको छ । जसबाट झापामा करिव १४ हजार कार्यकर्ता पार्टी सदस्य बन्न बन्चित हुने भएका छन् । पार्टीले जेठ २१ गतेसम्म अद्यावधिक गर्ने समय तोकेको थियो । त्यसलाई बढाएर जेठ २८ सम्म थपिएको छ । बुधबारसम्म करिव ५५ प्रतिशतले मात्र अद्यावधिक गरेको जिल्ला पार्टी कार्यालयले जनाएको छ ।

गत माघ महिनामा सम्पन्न विशेष महाधिवेशनमा झापामा कांग्रेस क्रियाशील सदस्यहरूको संख्या ३४ हजार २९८ रहेको थियो । त्यसमध्ये यस पटक ६० प्रतिशतले अद्यावधिक गर्दा क्रियाशील सदस्यको संख्या २० हजार ५ सय ७८ हुन आउँछ । बाँकी १३ हजार ७१९ जना पार्टी सदस्य बन्नबाट छुट्ने भएका हुन् । नेपाली कांग्रेसले गत बैशाख १ गतेदेखि डिजिटल अद्यावधिक शुरू गरेको थियो । कांग्रेसले आगामी भदौ २४, २५ र २६ गते १५औं महाधिवेशन काठमाण्डौमा गर्ने गरी कार्यतालिका सार्वजनिक गरिसकेको छ ।

## परराष्ट्रमन्त्री खनालले सदनमा दिए स्पष्टीकरण



**दमक/** नेपाल र भारतबीचको सीमा विवादमा तेस्रो पक्षको संलग्नताबारे उठ्ने गरेका प्रश्नहरूमाथि प्रस्ट पार्दै परराष्ट्रमन्त्री शिशिर खनालले सुगौली सन्धिको ऐतिहासिक पृष्ठभूमिलाई हेर्दा तेस्रो मुलुकको विषय जोडिएको जस्तो देखिए पनि नेपाल आफनो मामिलामा आफैं सक्षम रहेको बताएका छन् ।

संसद्मा सम्बोधन गर्दै प्रधानमन्त्री वालेन्द्र शाहले हालै दिएको अभिव्यक्तिबारे परराष्ट्रमन्त्री खनालले स्पष्टीकरण दिएका हुन् । प्रतिनिधि सभाको बैठकमा बोल्दै मन्त्री खनालले प्रधानमन्त्रीको भनाइ मुख्यगरी केही स्थानमा देखिएको क्रसबोर्डर अकुपेसन र दशगजा क्षेत्र अतिक्रमणको विषयसँग सम्बन्धित रहेको स्पष्ट पारेका हुन् ।

उनले नेपालले सीमा समस्या समाधानका लागि कुनै पनि तेस्रो मुलुकको मध्यस्थता नखोजेको र दुई देशबीचकै संवादबाट यसलाई टुंग्याउनुपर्ने पक्षमा रहेको दृढता व्यक्त गरे । यसैगरी, प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर भइरहेका बाँकी 8 पेजमा ▸▸

# सडकमै धान रोपेर विरोध



**दमक/** वर्षौंदेखि जीर्ण सडकका कारण सास्ती खेप्दै आएका स्थानीयले सम्बन्धित निकायको ध्यानाकर्षण गराउन सांकेतिक आन्दोलनस्वरूप सडकलाई नै खेत बनाएर धान रोपेका छन् । वर्षायाम सुरु भएसँगै झापाको दमक नगरपालिका-९ र १० जोड्ने सडक पुनः हिलाम्मे बनेपछि स्थानीय बासिन्दाले सडकमै धान रोपेर विरोध जनाएका हुन् ।

सडकभरि पानी जमेर खाल्डाखुल्डी परेपछि आवतजावत गर्नै कठिन भएको र पटक-पटक आग्रह गर्दा पनि समस्या समाधान नभएपछि स्थानीय धानको बेर्ना बोकेर सडकमा उत्रिएका थिए । उनीहरूले सडकको दुरवस्थाले दैनिक जीवन कष्टकर बनेको भन्दै तत्काल स्तरोन्नति र कालोपत्रेको माग गरेका छन् ।

प्रधानमन्त्री बालेन शाहको निर्वाचन क्षेत्र तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको गृहनगर आसपास पर्ने यो सडक हिउँदमा धुलाम्मे र वर्षामा हिलाम्मे हुने समस्याबाट वर्षौंदेखि ग्रस्त छ। स्थानीयका अनुसार सडकको अवस्थाले बिरामीलाई अस्पताल पुर्‍याउन, बालबालिकालाई विद्यालय पठाउन र किसानका उत्पादन बजारसम्म लैजानसमेत कठिनाइ भइरहेको छ ।

विरोध कार्यक्रममा सहभागी किसान नगेन्द्रमणि न्यौपानेले बाँकी 8 पेजमा ▸▸

## रास्वपा प्रदेश सभापतिमा ८ जना भिड्दै

**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को कोशी प्रदेशको पहिलो अधिवेशनमा प्रदेश सभापति पदका लागि ८ जनाले उम्मेदवारी दर्ता गराएका छन् । आकांक्षीहरूको संख्या बढेसँगै नेतृत्व चयन सर्वसम्मत हुने सम्भावना टरेको नेताहरुले बताएका छन् । अधिवेशनमा सभापतिका लागि ८ जनाले मनोनयन दर्ता गराएको निर्वाचन समितिले जनाएको छ । अधिवेशन सम्पन्न गराउन नवराज पुडासैनीको संयोजकत्वमा निर्वाचन समिति बनेको छ ।

बुधबार मोरङको विराटचौकमा सुरु भएको अधिवेशनमा सरिन तामाङ, चन्द्र राई, चन्द्रकुमार गौली, पिताम्बर तिम्सिना, वीरेन्द्र श्रेष्ठ, पारशमणि गेलाल, खगेन्द्र कटुवाल र नारायणप्रसाद घिमिरेले सभापति पदमा उम्मेदवारी दिएका छन् । निर्वाचन समितिका अनुसार प्रदेश समिति सदस्य पदका लागि ७१ जनाको उम्मेदवारी परेको छ । बाँकी 8 पेजमा ▸▸

## एमालेका ८ वडा अध्यक्षको पद रिक्त

**दमक/** निर्वाचन आयोगले दल त्याग गरी अन्य राजनीतिक दलमा प्रवेश गरेको भन्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट निर्वाचित आठ जना वडा अध्यक्षको पद स्वतः रिक्त भएको जनाएको छ । आयोगले सूचना प्रकाशित गर्दै राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र नियमावली, २०७४ बमोजिम एमाले केन्द्रीय सचिवालयको निर्णयअनुसार सम्बन्धित जनप्रतिनिधिहरूले दल त्याग गरेको जानकारी प्राप्त भएपछि उनीहरूको पद रिक्त भएको निर्णय गरिएको जनाएको हो ।

आयोगका अनुसार मिति २०८३ जेठ २६ गतेको निर्णयअनुसार ओखलढुङ्गाको मोलुङ गाउँपालिका-१ का कमल बहादुर बानियाँ, मोलुङ-६ का कमल तामाङ र चम्पादेवी गाउँपालिका-७ का सुरेश कुमार थापा पदमुक्त भएका छन् ।

**लाईफ लाईन अस्पताल प्रा.लि.**
दमक-५, झापाको

**ओपीडी सेवाहरू :**
दैनिक बिहान ८ बजेदेखि अपरान्ह ५ बजेम्म

१. डा. मनोज कुमार शाह : बरिष्ठ हाडजोर्नी तथा नशा रोग बिशेषज्ञ
२. डा. सिता राई : बरिष्ठ प्रसुति तथा महिला रोग विशेषज्ञ
३. डा. निरज शाह : बरिष्ठ फिजिसियन
४. डा. साजन ठाकुर : बरिष्ठ बालरोग बिशेषज्ञ
५. डा. मन्जुल शाक्य : बरिष्ठ ल्याप्रोस्कोपीक सर्जन
६. डा. एकता घिताल : बरिष्ठ प्याथोलोजिस्ट
७. डा. सोफिया थुलुङ्ग : बरिष्ठ अर्थोडन्टिस (दन्तरोग विशेषज्ञ)

**भिडियो एक्स रे सेवा**
डा. तिलकचन्द्र शाह : बरिष्ठ रेडियोलोजिस्ट
बिहान ८ बजेदेखि १० बजेसम्म र अपरान्ह १ बजेदेखि ४ बजेसम्म ।

**भिडियो एक्स रे सेवा**
डा. तिलकचन्द्र शाह : बरिष्ठ रेडियोलोजिस्ट
बिहान ८ बजेदेखि १० बजेसम्म र अपरान्ह १ बजेदेखि ४ बजेसम्म ।

**दैनिक बिहानी सेवाहरु :**
ओपीडी सेवाहरू :
बिहान ८ बजेदेखि १० बजेसम्म र अपरान्ह १ बजेदेखि ७ बजेसम्म ।

१. डा. चन्द्रमोहन शाह : ल्याप्रोस्कोपीक सर्जन
२. डा. बिबेक लामिछाने : फिजिसियन
३. डा. शिर्षकदिप श्रेष्ठ : मनोरोग बिशेषज्ञ
५. डा. मिलन भुषाल : नाक, कान घाटी रोग बिशेषज्ञ

सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३

# सम्पादकीय

## किसानलाई राहतको खाँचो

आर्थिक मन्दी र दानाको निरन्तर मूल्यवृद्धिका कारण लामो समयदेखि दबाबमा रहेको कोशी प्रदेशको पोल्ट्री व्यवसाय अहिले बर्डफ्लु सङ्क्रमणको अर्को गम्भीर संकट झेलिरहेको छ । चैतयता झापा, मोरङ र सुनसरीमा ४ लाख १२ हजार ९५४ वटा कुखुरा नष्ट गरिनु र यसबाट ५० करोड रूपैयाँभन्दा बढीको क्षति हुनु केवल केही किसानको समस्या मात्र होइन, प्रदेशको कृषि अर्थतन्त्र र खाद्य सुरक्षामाथिको गम्भीर चुनौती हो ।

विशेषगरी झापा, मोरङ र सुनसरीमा बर्डफ्लुको समस्या दिनप्रतिदिन विकराल बन्दै गएको छ । विभिन्न पालिकामा संक्रमण देखिनु, फार्महरु सिल गरिनु र हजारौं कुखुरा नष्ट गरिनुले किसानमा त्रास बढाएको छ । एकातिर उत्पादन बन्द हुने अवस्था छ भने अर्कोतिर लगानी डुब्ने चिन्ताले किसानहरु मानसिक र आर्थिक रुपमा थिलथिलो बनेका छन् । कृषिमा आधारित जिल्लाका रुपमा परिचित झापामा यस्तो संकटले समग्र स्थानीय अर्थतन्त्रलाई समेत असर पार्ने संकेत देखिएको छ ।

पोल्ट्री व्यवसाय नेपालको कृषि अर्थतन्त्रको महत्वपूर्ण आधार हो । हजारौं किसान, मजदुर, व्यवसायी तथा यातायात र दाना उद्योग यस क्षेत्रसँग प्रत्यक्ष जोडिएका छन् । तर विडम्बना, यही क्षेत्रका किसानहरु विगत केही वर्षदेखि एकपछि अर्को संकटको सामना गर्न बाध्य छन् । कोरोना महामारीका बेला बजार बन्द हुँदा ठूलो क्षति बेहोरेका किसान आर्थिक रुपमा अझै उठ्न सकेका छैनन् । त्यसपछि दानाको मूल्य आकाशियो, उत्पादन लागत बढ्यो, बजारमा माग घट्यो र अहिले बर्डफ्लुले थप संकट निम्त्याएको छ । किसानले निरन्तर घाटा व्यहोर्नुपरेको अवस्था छ ।

कृषि प्रधान देशको अर्थतन्त्रलाई टेवा दिने किसान नै बारम्बार समस्याको चपेटामा पर्नु दुःखद मात्र होइन, राज्यका लागि पनि गम्भीर चिन्ताको विषय हो । उत्पादनको जोखिम किसानले एक्लै बोक्ने र संकटका बेला राज्यको उपस्थिति कमजोर देखिने प्रवृत्तिले कृषिप्रति निराशा बढाउने खतरा छ । यदि यही अवस्था कायम रह्यो भने धेरै किसान पोल्ट्री व्यवसायबाट विस्थापित हुन सक्ने जोखिम रहने देखिन्छ ।

यस्तो अवस्थामा प्रदेश सरकार, स्थानीय सरकार र संघीय सरकारले प्रभावित किसानलाई तत्काल राहत र उचित क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ । रोगका कारण नष्ट गरिएका कुखुरा तथा अन्य सामग्रीको वास्तविक मूल्यांकन गरी शीघ्र क्षतिपूर्ति उपलब्ध गराउनु आवश्यक छ । साथै, किसानलाई सहुलियत ऋण, बीउपूँजी पुनर्स्थापना कार्यक्रम तथा प्राविधिक सहयोग प्रदान गरिनुपर्छ ।

किसानले देशलाई खाद्य सुरक्षाको आधार प्रदान गरेका छन् । आज बर्डफ्लुले थला परेको पोल्ट्री क्षेत्रलाई जोगाउन राज्यले तत्काल र प्रभावकारी योजना र राहत प्रदान गर्न सकेन भने यसको असर केवल किसानमा सीमित रहने छैनह्य यसले समग्र कृषि क्षेत्र, रोजगारी र उपभोक्ता बजारलाई समेत प्रभावित गर्नेछ ।

## सूचीकरण प्रणालीमा २५ लाख किसान

**दमक/** कृषि, वन तथा पर्यावरण मन्त्रालयको किसान सूचीकरण प्रणालीमा देशभरका करिब २५ लाख किसान आबद्ध भएका छन् । किसानलाई जमिनको विवरण र खेती उत्पादनका आधारमा सूचीकरण गरिएको हो । उत्पादन वृद्धि गर्न आवश्यक सहुलियत तथा सुविधा दिने उद्देश्यले किसानलाई विद्युतीय प्रणालीमार्फत सूचीकृत गरिएको कृषि सूचना केन्द्रका अधिकृत सञ्जीव पण्डितले जानकारी दिए । कृषि जनगणना, २०७८ अनुसार ४१ लाख ३० हजारको संख्या रहेकाले बाँकी १६ लाखभन्दा बढी किसानलाई पनि सूचीकृत गर्ने कार्य भइरहेको उनको भनाइ छ ।

'सबै किसानलाई सूचीबद्ध गरेपछि निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठूला किसान गरी चार प्रकारमा मन्त्रालयले वर्गीकरण गर्ने योजना बनाएको छ', उनले भने, 'वर्गीकरणपश्चात परिचयपत्र वितरण, विद्युतीय सूचना प्रणालीमा जोड्नेलगायत कार्यक्रम गरिनेछ । परिचयपत्रका आधारमा सरकारले अनुदानसहित रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापनलगायत सुविधासहित उपलब्ध गराउन सहज हुनेछ ।' देशभर स्थानीय तहसँग समन्वय गरी किसानका सूचना तथा तथ्यांक संकलन गरिएको हो । केन्द्रले यस कार्यक्रममा आफ्नो नाम दर्ता गराउन किसानलाई आह्वानसमेत गरेको छ ।

# प्रधानमन्त्रीको भारत भ्रमणको सेरोफेरोमा नेपालको राजनीति



सत्येन्द्रलाल कर्ण
lalsatyendra1959@gmail.com

नेपाल लामो समयदेखि आफ्नो आन्तरिक राजनीतिमा अल्झिएर देशको दशा दिशा र अर्थतन्त्रलाई नकारात्मक र बोझिलो बनाउँदै लगेको अविछिन्न परम्परा रहेको छ। कहिले सरकारलाई कमजोर बनाइदिने त कहिले सरकारभित्र गुट र उपगुटहरु पैदा गराइदिने स्वार्थी समूह हरुलाई घुसपैठ गराइदिने र राष्ट्र राष्ट्रियता र लोकतन्त्रलाई संस्थागत हुन नदिने जस्ता सकुनी नीतिले गर्दा देशभित्रको माटोलाई सुनमा रुपान्तरण गर्न सक्ने प्रविधि र हौसला लाई निरन्तर कमजोर बनाउँदै जाने वास्तविकतालाई जनताले बिस्तारै बिस्तारै बुझ्न थालेका छन्। अहिले नेपालका सबैभन्दा घनिष्ठ र छिमेकी मित्रराष्ट्र भारत आर्थिक विकासको दौडमा दुनियालाई उछिन्दै आर्थिक महाशक्ति बन्दै जाने प्रतिमानहरू बनाउँदै गइरहेको छ र भारत विश्वको महाशक्ति राष्ट्रको रुपमा आफूलाई उभ्याउन सफलता हासिल गर्दै लगि रहेको परिप्रेक्ष्यमा नेपालले अत्यन्त घनिष्ठ र बेटीरोटीको आत्मीय सम्बन्ध रहेको आधारमा भारतसँग आर्थिक विकासका क्षेत्रमा धेरै कुराहरू र आफ्नो अपेक्षाहरू राख्दै जानु सान्दर्भिक नै रहेको छ।

नेपालका जल, जमिन, जङ्गल, जलवायु र भूराजनीति पनि कमोवेश रूपमा भारतीय माटो पानीको राजनीतिसँग जोडिएको हुनाले पनि भारत र नेपालबीच भरोसा गर्न लायक सम्बन्ध स्थापित हुनु जरुरी छ। देशको समसामयिक राजनीति विकास केन्द्रित हुनुपर्दछ। देशको राजनीतिले विगतमा भोगेका तितो यथार्थलाई सम्झेर नयाँ विकासको ढोका खुलाउनु जरुरी छ र देशलाई नयाँ उचाइमा पुर्याउनु जरुरी छ। आज मानवीय विकास सूचकाङ्कमा नेपाल धेरै नै परिसूचकहरूमा पिछडिएको अवस्थामा रहेको छ। शिक्षा, स्वास्थ्य, रोजगार, जीवनस्तर, प्रतिव्यक्ति आम्दानी, उपभोगको अवस्था, उत्पादनको अवस्था, बजार प्रणालीहरू, उच्च प्राविधिक क्षमताको विकास गर्नु, देशको अर्थतन्त्रलाई स्वयं धान्न सक्ने क्षमतामा पुर्‍याउनु लगायतका कार्यहरू नेपालले एक्लै आफ्नै बलबुतोमा गर्न कठिन मात्र होइन असम्भव नै रहेको देखिएकोले भारत र चीन जस्ता अत्यन्त सन्निकटका मित्र राष्ट्रहरूको सहयोग र सहकार्यबाट देशलाई विकासको मार्गमा अग्रगमन गराउन सकिन्छ।

भारतले नेपाललाई आफ्ना सबै छिमेकी मुलुकहरूमध्ये सबैभन्दा बढी चिन्ता चासो देखाउने र आवश्यक पर्दा सरसहयोग गर्ने राष्ट्रको रुपमा एउटा असल छिमेकी मुलुकको रुपमा आफ्नो भूमिका खेल्न तत्परता देखाइरहेको अवस्थामा भारतको भूराजनीति र सांस्कृतिक धार्मिक संरचनाको सहकार्यबाट नेपालले विकास र समृद्धिको नारालाई विकासको गोरेटोमा उभ्याउनु जरुरी छ। नेपाल र भारतबीच सिमाना मात्र जोडिएका होइनन् नेपाली र भारतीय जनता जनताबीचका मन पनि जोडिएको छ, भावना पनि जोडिएको छ ,संस्कृति र संस्कार पनि जोडिएको छ, देवी देवताहरू पनि जोडिएका छन् र धेरैजसो हदसम्म अर्थतन्त्र पनि जोडिएको छ। विश्वको सर्वोच्च शिखर भएको सगरमाथा जसलाई हिमाली क्षेत्र भन्ने गरिन्छ त्यसको हावापानीले नै दुईटै देशको अन्नपानी र खाद्यान्न सुरक्षाको प्रतिभूतिलाई रेखाङ्कित गर्दछ। हिमालय क्षेत्रमा हुने गरेको वातावरणीय प्रदूषणले र जलवायु परिवर्तनका घटना चक्रहरुले हिमालयदेखि समुद्र पर्यन्तसम्मका क्षेत्रहरूलाई ठूलो महाविनाशको अवस्थासम्म पुर्याइदिने गरिएको देखिएको छ।

नेपालका ६००० जति नदीनालाबाट बगेका पानीहरू बर्सातमा भारतीय क्षेत्रमा प्रवेश गर्दा ठूलो बाढीको संकट सिर्जना हुने गर्दछ जसलाई नियन्त्रण गर्नु भारतको लागि अत्यन्त नै कठिन छ तर नेपाल र भारत दुवैले मिलेर नदीनालाहरूलाई व्यवस्थित गर्न वैज्ञानिक तवरले प्रबन्धन गर्न सफल भए भने यस भारतीय महाद्वीपका क्षेत्रहरूबाट नै बाढी, पहिरो, जलजमाव, भूस्खलन, लगायतका प्राकृतिक सङ्कटहरूलाई समाधान गर्न सकिन्छ। भारत र नेपाल दुवै मिलेर विश्वमै दोस्रो जलस्रोतको धनी देशको रूपमा रहेको नेपाललाई सदुपयोग गर्न अनियन्त्रित बाढीलाई नियन्त्रण गर्ने कार्यदेखि जलविद्युतको उत्पादनमा समेत ठूलो सफलता हासिल गर्न सक्छ। नेपाल र भारतबीच जल संसाधन र जलविद्युतको उत्पादन र वितरण क्षमता बढाउने लगायतका कार्यहरूमा दुवै देशले मिलेर काम गर्नु आवश्यक छ। हरेक वर्ष वर्षायाममा उत्पन्न हुने गरेको जल प्रलयलाई नियन्त्रण गर्न दुवै देशले हृदय खोलेर सहकार्य गर्नु जरुरी छ।

नेपालमा वर्षौंदेखि रेलमार्गको विकास गर्नको लागि भारतले तत्परता देखाइरहँदा पनि नेपालमा यदा कदा देख्ने गरिएको राजनीतिक सङ्कटले पनि त्यसलाई निकास दिन नसकेको अवस्थामा नेपालमा रेलमार्गको अपेक्षित विकास हुन नसकेको सत्य र तथ्यलाई नेपाल सरकारले चासोमा राख्नु जरुरी छ। आज भारतमा दुर्गमभन्दा दुर्गम क्षेत्रमा पनि रेल यातायातले सुविधा पुगि रहेको अवस्थामा नेपालमा पनि पूर्व मेचीदेखि महाकालीसम्म र दक्षिणदेखि उत्तरसम्म रेल्वे यातायातबाट देशलाई जोड्न सकिन्छ। नेपाल सरकारले गर्ने आँटबाट नै नेपालको रेलवे यातायातको विकास सुनिश्चित हुन सक्छ। अहिले भारत रेलवे यातायातको क्षेत्रमा आत्मनिर्भर भइसकेको देश बनिसकेको छ। भारतले रेल्वे यातायातको लागि चाहिने सरसामान र प्रविधिहरू भारतमा नै उत्पादन गरेकोले नेपालले भारतबाट रेल्वे यातायातको विकासको लागि ठूलो अपेक्षा राख्न सक्छ। भारतले आफ्ना सबै तीर्थस्थलहरूलाई रेल, रोड र हवाई यातायात बाट जोड्ने संकल्पमा काम गरिरहेकोले पूर्व पश्चिम र दक्षिण दिशाबाट पुरै भारतबाट नै घेरिएर रहेको नेपालको भूबनोट र भूराजनीतिको लागि नेपालमा रेलवे यातायातको विकासमा पहुँच बढाउन भारतबाट ठूलो अपेक्षा गर्न सकिन्छ र यस सन्दर्भमा नेपाल सरकारले अग्रसरता देखाउनु जरुरी छ।

सूचना र सञ्चारको क्षेत्रमा पनि भारत विश्वमा नै आइटी हब बनिसकेको छ। नेपालका जेन्जी पुस्ताका नागरिकदेखि अन्य सबै पुस्ताका र उमेरका नागरिकहरू पनि त्यसबाट लाभ लिन अत्यन्तै नै उत्सुक रहेका छन्। विगतका सरकारले केही दिनको लागि मात्र फेसबुक ट्विटर इन्स्टाग्राम लगायतका सूचना प्रविधिहरु बन्द गर्दा नेपालमा ठूलो राजनीतिक क्रान्ति नै सफल हुन गएको थियो। त्यसकारणले नेपाल सरकारले भारतसँग इन्फर्मेसन टेक्नोलोजीको सम्बन्धमा ठूलो सहकार्य गरी नेपालको विकास लाई अगाडि बढाउनु जरुरी छ।

नेपालीहरूको लागि नेपालको भौगोलिक अखण्डता अत्यन्त नै संवेदनशील मुद्दाको रूपमा रहेकोले नेपाल र भारतबीच रहेका साझा सिमानाहरूको सवालमा उठ्ने गरेका नयाँ नयाँ विवादहरू लाई टुङ्गोमा पुर्‍याउनु जरुरी छ। लिम्पियाधुरा, कालापानी, लिपुलेकको सम्बन्धमा नेपाली जनताले सत्य र तथ्यलाई स्वीकार गर्नु जरुरी छ। नेपालका नयाँ प्रधानमन्त्री बालेन्द्र शाह छिटै भारत भ्रमणमा जान सक्ने सम्भावना प्रबल हुँदै गइरहेकोले दुईपक्षीय वार्ताको टेबलबाट भारत र नेपालबीच रहेका सबै सिमाना विवादहरुलाई सकेसम्म विवादरहित बनाउनु र समाधान गर्नु जरुरी छ। देशका जनताको विश्वास र भरोसालाई बचाइ राख्न पनि सरकारले आवश्यक पर्दा सबै किसिमका रणनीतिहरू तथा कूटनीतिहरूलाई प्रयोग गरी भारत र नेपालबीच देखिने गरिएका असमझदारीलाई हटाउनु जरुरी छ। नेपाल र भारतबीच दुईपक्षीय हितका सवालहरूमा दुईटै देशले आफ्ना विचारहरू साझा गर्नु र जनताको मनमा बेलाबेलामा उठ्ने गरेका सवालहरूलाई सम्बोधन गर्नु जरुरी छ।

नेपालको राजनीतिमा भारतीय राजनीतिको वर्चस्व र चासो कसैसँग लुकेको छैन। भारतमा अङ्ग्रेजहरूलाई धपाउन भारतीय जनताले गरेका आन्दोलनहरूमा नेपालीहरूको पनि व्यापक सहभागिता रहेको थियो। त्यस्तै नेपालमा लोकतन्त्रको बहालीमा पनि पटकपटक भारतीय राजनीतिका शीर्ष व्यक्तित्वहरूले नेपाललाई मार्गदर्शन गरेको इतिहास छ। नेपालमा २०४६ सालको आन्दोलन ताका भारतीय राजनीतिमा शीर्ष व्यक्तिको रूपमा उदाएका चन्द्रशेखरको भाषणले नेपालका लोकतन्त्रवादीहरूलाई ठूलो आत्मबल र प्रेरणा प्राप्त भएको थियो र नेपालमा लोकतन्त्रको बहाली भएर बहुदलीय व्यवस्था कायम हुन गएको थियो। नेपालमा २०६२/ ६३ को आन्दोलन र २०६३ /६४ तिरको मधेस आन्दोलनताका पनि भारतीय राजनीतिक विचारधाराले मधेसी जनताहरूलाई आफ्नो अधिकारको लागि लड्न र अगाडि आउन निकै सहयोग पुर्‍याएको थियो। नेपालमा वामपन्थी आन्दोलनको सुरुवात पनि भारतीय भूभागबाट नै प्रारम्भ भएको थियो। परिणामस्वरूप नेपालमा लामो समयसम्म कम्युनिस्ट सरकारहरूले कार्य गर्ने अवसर प्राप्त गरेको थियो। भारतीय राजनीति जहिले पनि नेपाललाई सकारात्मक दिशातिर उत्प्रेरणा गराउने माध्यमको रुपमा काम गर्दै आएको इतिहास छ।

अन्तर्राष्ट्रिय रूपमा चीनको बढ्दै गइरहेको दबदबाले गर्दा पनि नेपालमा चीनको बढ्दै गएको दबावप्रति भारत जहिले पनि ससंकित देखिने गरिएको छ। यस किसिमको राजनीतिक विरोधाभासलाई पनि नेपाली राजनीति र कूटनीतिबाट पन्छाउनु जरुरी छ। नेपाल सरकारले जहिले पनि आफ्ना राष्ट्रिय प्राथमिकताहरूलाई वैश्विक मञ्चमा राखेर विदेशका समकक्षी सँगको अन्तरक्रिया र छलफलबाट परस्पर विश्वासको वातावरण निर्माण गर्नु जरुरी छ।

## विद्यालयमा तीन/तीन जना विद्यार्थी र शिक्षक

**रासस/** कक्षा ३ सम्म पठनपाठन हुने विद्यालयको कक्षा १ र २ मा विद्यार्थी संख्या शून्य छ । २०४० सालमा स्थापना भएको विद्यालयको बालकक्षामा एक जना र कक्षा ३ मा दुई जना विद्यार्थी छन् भन्दा तपाईलाई रोचक मजाक जस्तो लाग्न सक्छ ।

तर यो तथ्य हो, म्याग्दीको अन्नपूर्ण गाउँपालिका- ४ झालेबासमा रहेको धवलागिरि आधारभूत विद्यालयमा विद्यार्थी र शिक्षक-कर्मचारीको संख्या बराबर रहेको छ ।

यहाँ शिक्षक–कर्मचारीको संख्या पनि तीन नै रहेको छ । स्थायी दरबन्दीका शिक्षक शान्ति राम्जाली प्रधानाध्यापक, बालशिक्षा सहजकर्ता शिखा बोहोरा क्षेत्री र सृर्जना रोका सहयोगी छन् ।

यहाँ रहेका विद्यार्थीमध्ये जेसिका खड्का यसपालि बालकक्षामा भर्ना भएकी हुन् भने नेलसन रोका र श्रीसा खड्का कक्षा २ उत्तीर्ण भएर कक्षा ३ मा भर्ना भएका छन् ।

प्रधानाध्यापक राम्जालीले बसाइँसराइ बढ्दै र जन्मदर घट्दै गएकाले त्यसको असर विद्यालयमा देखिएको बताए । 'विद्यालयको सेवा क्षेत्रमा पर्ने झालेबासमा १५ र कोप्चेपानीमा १० घरपरिवारको बसोबास छ', उनले भने, '२०७२ सालसम्म १५-२० जनासम्म विद्यार्थी थिए । नयाँ बच्चा जन्मने दर घटेको र बसाइँसराइ गरेर अन्यत्र जाने दर बढेकाले यस्तो समस्या भएको हो ।'

यसअघि २०७५ सालमा कोप्चेपानीमा रहेको विद्यालय भवन कालीगण्डकीमा आएको बाढीले बगाएपछि झालेबासमा स्थानान्तरण गरिएको थियो । सुविधायुक्त भवन, शौचालय र बालमैत्री कक्षा भए पनि विद्यार्थी संख्या न्यून हुँदा विद्यालय सुनसान छ ।

विद्यार्थी सत्त्या कम भएकाले गत वर्ष गाउँपालिकाले एक जना शिक्षकको दरबन्दी कटौती गरेको थियो । स्थानीयवासी तुलाराम बुढाले बसाइँसराइकै कारण गाउँ रित्तिँदै गएकाले विद्यार्थी संख्या पनि कम हुँदै गएको बताए । 'झालेबास र कोप्चेपानीको छिमेकी गाउँ गाडपार र काभ्रेमा पुग्न बालबालिकालाई करिब एक घण्टा पैदल हिँड्नुपर्छ', उनले भने, 'गाउँमा भएका विद्यार्थीलाई शिक्षाको अधिकारबाट वञ्चित हुन नदिन संख्या कम भए पनि विद्यालय सञ्चालन गर्नुपर्ने बाध्यता छ ।'

अन्नपूर्ण गाउँपालिकाअन्तर्गत रहेका ठाडा, किन्दु, स्वाँत, घराप, चित्रेका आधारभूत विद्यालयमा पनि विद्यार्थी संख्या न्यून छ । भौगोलिक विकटता र छरिएका बस्तीहरूमा भएका विद्यालयमा विद्यार्थी संख्या कम भएपछि कक्षा घटुवा, दरबन्दी व्यवस्थापन गर्ने नीति लिएको गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताए ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागिः
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।

Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# बेलिब्रिज बगाएपछि घिर्नीको सहायतामा वारपार



**खोटाङ/** गाईघाट-दिक्तेल सगरमाथा राजमार्गमा पर्ने दिक्तेल-फोक्सिङटार-गाईघाट सडक पूर्वी सहर जाने र आउने छोटो दुरीको बाटो हो । सोही सडकमा पर्ने खोटाङको खोटेहाङ गाउँपालिका-९, लिच्कीराम्चे र उदयपुरको रौतामाई गाउँपालिका-५, आँपटार जोड्ने फोक्सिङटारमा निर्माण गरिएको १२० मिटर लामो 'आर्क' डिजाइनको पक्की पुल २०८१ साल असोज १२ गते सुनकोशीमा आएको बाढीले बगाएको थियो ।

खोटाङ र उदयपुर जोड्ने सुनकोशीस्थित फोक्सिङटारमा सामान वारपार गर्न पुनः घिर्नी सञ्चालनमा ल्याइएको छ । सुनकोशीले बगाएको पक्की पुल निर्माण नभएपछि सामान वारपार गर्न घिर्नी जडान गरेर सञ्चालनमा ल्याइएको हो । फोक्सिङटारको पक्की पुल बगाएपछि हिउँदमा अस्थायी बेलिब्रिज जडान गर्ने गरिएको छ । कोशीमा पानीको बहाब बढेसँगै जेठ ३ गते बेलिब्रिज निकालिएपछि सामान वारपार गर्न जेठ १५ गतेबाट घिर्नी सञ्चालनमा ल्याइएको हो ।

बाढीले पुल बगाएपछि हिउँदमा अस्थायी बेलिब्रिज जडान गर्ने गरिएको छ । बर्खामा बेलिब्रिज नहुँदा निर्माणसँगै दैनिक उपभोग्य सामान पूर्वी तराईबाट खोटाङ ल्याउन सुनकोशीमा घिर्नी जडान गरिएको हो । विशेष गरी खोटाङमा सञ्चालन भइरहेको रसुवा-पानधारे कालोपत्रे सडकका लागि सामान ढुवानी गर्न सुनकोशीको फोक्सिङटारमा घिर्नी जडान गरिएको निर्माण व्यवसायी महेश रेग्मीले बताए । रसुवा-पानधारे सडक अन्तर्गत रसुवा-सिमपानी १५ किलोमिटर सडक कालोपत्रेको काम भइरहेको छ । त्यसका लागि सामान तार्न सुनकोशीमा घिर्नी जडान गरिएको उनको भनाइ छ । अघिल्लो वर्षको बर्खामा जडान गरिएको घिर्नी बेलिब्रिज लगाएपछि थन्क्याइएको थियो । जेठ ३ गते बेलिब्रिज झिकिएपछि पुनः जेठ १५ बाट घिर्नी सञ्चालनमा ल्याइएको उनको भनाइ छ ।

रसुवा-पानधारे सडक कालोपत्रेको सामान ढुवानीका लागि घिर्नी जडान गरिए पनि अन्य व्यवसायी र स्थानीयले समेत सोही घिर्नीबाट सामान तार्ने गरेका छन् । घिर्नी सञ्चालनका लागि दुई जना कामदार राखिएको छ । उनीहरूको ज्याला र घिर्नी सञ्चालन गर्दा लाग्ने इन्धन खर्च उठ्ने गरी रकम लिएर अन्य व्यवसायीको पनि सामान तारिदिने गरेको रेग्मीको भनाइ छ । विशेष गरी घिर्नीबाट व्यवसायीले इन्धन, जाली, सिमेन्ट, रडलगायतका सामान र अन्यले दैनिक उपभोग्य सामान खोटाङतर्फ आयात गर्ने गरेका छन् । खोटाङबाट विशेष गरी अहिले काठ निर्यात भइरहेको छ ।

फोक्सिङटारमा जडान गरिएको बेलिब्रिज निकालिएपछि अहिले दिक्तेल, बाक्सिला, ऐँसेलुखर्क रावाबँसी र हलेसी क्षेत्रका सवारीसाधन घुर्मी-कटारीको लामो दुरीको सडकबाट आवतजावत गरिरहेको खोटाङ यातायात प्रालिका महासचिव राम हिङमाङले बताए । दिप्रुङ, चुइचुम्मा, खोटेहाङलगायतका क्षेत्रका सवारीसाधन रसुवाबाट पल्टी गरेर सञ्चालन भइरहेका छन् । रसुवाको झोलुङ्गे पुलमार्फत मोटरसाइकल भने सिधा वारपार गरिरहेको छ ।

## जानकारी

# बच्चाहरूको जिद्दीपन कसरी हटाउने ?

**दमक/** साना बच्चाहरु प्रायः आफ्ना भावनाहरु राम्ररी व्यक्त गर्न असमर्थ हुन्छन् । जब उनीहरूको इच्छा पूरा हुँदैन, तिनीहरु रून्छन्, चिच्याउँछन्, वा रिसाउँछन् । कहिलेकाहीँ, ध्यान आकर्षित गर्न मात्रै पनि बच्चाहरु जिद्दी भइरहन्छन् । आमाबाबुले सधैँ बच्चाको हरेक माग तुरून्तै पूरा गर्न थाले भने बच्चाले जिद्दी गरेपछि त सबै कुरा पाइँदो रहेछ भन्ने सोच पाल्न थाल्छ । यो बिस्तारै बानी बन्न सक्छ ।

आफ्नो बच्चा समझदार र शान्त होस् भन्ने हरेक आमाबाबु चाहन्छन् । तर साना बच्चाहरु जिद्दी हुनु त सामान्य हो । आफूले चाहेको खेलौना पाइएन भनेर रोइकराइ गर्नु, मोबाइल फोन हेर्न पाइएन भनेर झगडा गर्नु वा आफूले चाहेको कुरा पाउन रिसाउनु ।

हरेक घरमा यस्ता परिस्थितिहरु हुन्छन् । आमाबाबुले प्रायः रिसाएर गाली गर्ने वा आफ्नो बच्चाको माग तुरून्तै स्वीकार गर्ने गर्छन् । तर दुवै तरिकाले लामो समयसम्म समस्यालाई अझ खराब बनाउन सक्छ । बच्चाहरूको जिद्दीलाई बुझाइ र धैर्यताका साथ सम्हाल्नु अझ महत्वपूर्ण छ ।

**शान्त भएर कुरा गर्नुहोस्**

बच्चाले जिद्दी गरिरहेको समयमा उसलाई गाली गर्दा वा पिट्दा स्थिति बिग्रन सक्छ । गाली वा पिटाइले बच्चा डराउनुको सट्टा बढी चिढचिढा हुन सक्छ । यस्तो समयमा, शान्तिपूर्वक बोल्नु बढी प्रभावकारी हुन्छ । बच्चा कुनै कुराको लागि रोइरहेको छ भने पहिले ध्यानपूर्वक उसको कुरा सुन्नुहोस् ।

**हरेक पटक "हुन्छ" भन्नु हुन्न**

धेरै आमाबाबुले सार्वजनिक रूपमा बच्चा रोएको अवस्था टार्न वा लज्जित हुनबाट बच्न आफ्नो बच्चाको माग तुरून्तै स्वीकार गर्छन् । तर यसले उनीहरूको जिद्दीपन बढाउन सक्छ । बिस्तारै आफ्नो बच्चालाई 'हुन्न' भन्ने बानी सिकाउनु महत्त्वपूर्ण छ । तर, 'होइन' भन्ने तरिका पनि महत्त्वपूर्ण छ । सिधै अस्वीकार गर्नु भन्दा किन हुन्न भनेको भनेर कारण बुझाउनु राम्रो मानिन्छ ।

**मोबाइल फोन र टेलिभिजन**

आजकल, मोबाइल फोन र टेलिभिजनले बालबालिकाको बानीमा उल्लेखनीय प्रभाव पारिरहेको छ । स्क्रिन हेरेर धेरै समय बिताउने बालबालिकाहरु चिढचिढा वा धेरै रिसाउने हुन सक्छन् । कहिलेकाहीँ खेल वा भिडियोहरु बन्द हुँदा उनीहरु घमन्डी बनेर झगडा गर्न थाल्छन् । त्यसैले बालबालिकाको स्क्रिन समय सीमित गर्नु र बाहिरी गतिविधिहरूमा व्यस्त गराउनु, पुस्तकहरु वा खेलकुदमा संलग्न गराउनु लाभदायक मानिन्छ ।

**राम्रो व्यवहारको प्रशंसा गर्ने**

जब बच्चा जिद्दी नगरी कुनै कुरामा सहमत हुन्छ, उनीहरूको प्रशंसा गर्न नभुल्नुहोस् । यसले उनीहरूलाई राम्रो व्यवहार दोहोऱ्याउन प्रोत्साहित गर्दछ । विज्ञहरूले यसलाई सकारात्मक सुदृढीकरण भन्छन्, जसको अर्थ राम्रो व्यवहारलाई प्रोत्साहन गर्नु हो । *(सामाजिक सञ्जालको सहयोगमा)*



कमल ६ मा रहेको प्रादेशिक आयुर्वेद अस्पतालसम्म आवतजावतका लागि सहज हुने बाटो निर्माण हुँदै । तस्बिर : पूर्वसन्देश

## मनोरञ्जन

# फिल्मको संख्या ठूलो व्यापार न्यून

**दमक/** ०८३ सालको सुरूवाती दुई महिना नबित्दै ११ वटा फिल्म प्रदर्शनमा आइसके । अहिले हलमा सात फिल्म लागिरहेका छन् । हलमा फिल्मको संख्या ठूलो भए पनि व्यापार भने दयनीय नै छ । दुई महिनामा प्रदर्शनमा आएका फिल्मको व्यापार हेर्ने हो भने ५० लाख ग्रस कलेक्सन नै दुर्लभ जस्तो लाग्छ ।




औषतमा हिसाब गर्दा २ करोडमा एक फिल्म बन्छ, तर ग्रस कलेक्सन ५० लाखभन्दा पनि कम । कतिपय फिल्मले त कलाकारले लिएको पारिश्रमिक बराबर पनि ग्रस कलेक्सन गर्न सकेका छैनन् । कलाकारको चर्चामा रहेको पारिश्रमिकभन्दा थोरै ग्रस कलेक्सन देखिनु अर्को दुखद कुरा हो ।

यो अवधिमा बक्स अफिसमा कमजोर प्रदर्शन गर्ने फिल्म आँचल शर्मा स्टारर 'एक मुठ्ठी बादल' हो । डिजास्टर फ्लप भएको यसले मात्रै पाँच लाख ग्रस कलेक्सन गरेको छ । आँचलले यही फिल्मबाट एकल लिडमा प्रयास गरेकी थिइन् । पहिलो गाँसमै ढुङ्गा लाग्यो । सबैभन्दा कमजोर ग्रस कलेक्सन गर्ने फिल्म भने 'कुम्भ' हो । यसको व्यापार तीन लाखमै सीमित छ । तथापि, यस फिल्ममा स्टार नायक-नायिका छैनन् । नायक विपिन कार्की महँगो नायकको सूचीको सुरूवातमै पर्ने नायक हुन् । उनले पनि ४० लाखभन्दा बढी पारिश्रमिक लिएको चर्चा हुने गर्छ । यो वर्षको सुरूवातमा उनको अभिनय रहेको फिल्म 'पहाड' र 'काजी' प्रदर्शनमा आए । दुवैको व्यापार दयनीय भयो, ग्रस कलेक्सन एक करोड पनि पुगेन । 'काजी'ले ४४ लाख ३८ हजार र 'पहाड'ले ६४ लाख ग्रस कलेक्सन गरेका छन् । विपिनका दुवै फिल्मको व्यापार भने १ करोड ८ लाख पुग्छ ।

## करोडभन्दा कम व्यापार

११ मध्ये तीन फिल्मले मात्रै करोडमा ग्रस कलेक्स गरेका छन् । नायिका सुरक्षा पन्तले यो वर्षको सुरूवातमै बक्स अफिसमा फ्लपको सामना गर्नुपऱ्यो । उनको फिल्म 'लाइफ ड्यामेज'ले ३४ लाख ग्रस कलेक्सन गरेको छ । गत वर्ष पनि उनको रेकर्ड राम्रो थिएन । गत वर्षको कमजोर व्यापार गर्ने फिल्मको सूचीमा उनी अभिनित 'धागो' समावेश थियो । नायक विजर बराल र नायिका वर्षा राउत शीर्ष भूमिकामा रहेको फिल्मले ५० लाख ग्रस कलेक्सन गरेको छ । 'पूर्णबहादुरको सारङ्गी'ले नेपाली फिल्म इतिहासकै सबैभन्दा बढी व्यापार गरेपछि विजयको माग लिड हिरोका रूपमा भयो । उनले भटाभट फिल्म पनि साइन गरे ।

## एक्लो 'लालीबजार'

नायिका स्वस्तिमा खड्का शीर्ष भूमिकामा रहेको फिल्मले ९ करोड ग्रस कलेक्सन गरेको छ । यो नै यो वर्षको सबैभन्दा हिट फिल्म हो । 'लालीबजार'ले हलमा दयाहाङ राई, सौगात मल्ल, विपिन कार्की र विजय बराल जस्ता अहिलेका चल्तीका नायकहरूको फिल्मसँग प्रतिस्पर्धा गरेको थियो । ती सबैलाई कमजोर साबित गर्दै 'लालीबजार' हिट भयो । त्यस्तै, 'परालको आगो' र 'मितज्यू' दुई फिल्मले करोड ग्रस कलेक्सन पुऱ्याएका छन् । 'परालको आगो'ले ४ करोड ३० लाख र 'मितज्यू'ले एक करोड २१ लाख ग्रस कलेक्सन गरका छन् ।

रोचक कुरा- यो वर्ष प्रदर्शनमा आएका सबै फिल्मको ग्रस कलेक्सन जोड्यो भने 'लालीबजार'को भन्दा कम हुन्छ । जबकि, 'लालीबजार' बाहेक अन्य १० फिल्म प्रदर्शनमा आइसके । अन्य १० फिल्मको ग्रस कलेक्सन जोड्दा ८ करोड ७६ लाख हुन्छ । 'लालीबजार' एक्लैको व्यापार ९ करोडभन्दा धेरै छ ।

# सुख्खा मौसममा तातो कफी बढी उपयोगी

**दमक/** धेरैलाई गर्मीमा तातो कफी पिउँदा शरीर झन् तातो हुन्छ भन्ने लागे पनि सही अवस्थामा यसले शरीरलाई चिसो महसुस गराउन मद्दत गर्न सक्छ । विज्ञहरूका अनुसार तातो पेय पदार्थ सेवन गर्दा शरीरका रक्तनलीहरु फराकिला हुन्छन् । यसले छालासम्म रक्तसञ्चार बढाउँछ र शरीरभित्रको ताप बाहिर निस्कन सहयोग पुग्छ । साथै, तातो कफी पिएपछि हल्का पसिना आउँछ । पसिना सुक्दै वाष्पीकरण हुँदा शरीरले स्वाभाविक रूपमा चिसोपन महसुस गर्छ ।

सामान्यतया जाडो मौसममा तातो पेय पदार्थहरु बढी सेवन गरिन्छ । यसले शरीरलाई न्यानो बनाउने विश्वास गरिन्छ । तर गर्मी मौसममा तातो कफी पिउनु पनि स्वास्थ्यका लागि लाभदायक हुन सक्ने विज्ञहरु बताउँछन् ।

**दिनमा कति कफी पिउनु उपयुक्त ?**

गर्मी मौसममा कफी सीमित मात्रामा सेवन गर्नु राम्रो हुन्छ । दिनभरमा एकदेखि दुई कप कफी पर्याप्त मानिन्छ । साथै, शरीरमा पानीको कमी हुन नदिन प्रशस्त पानी पिउनु र सन्तुलित जीवनशैली अपनाउनु पनि उत्तिकै आवश्यक छ । कफी खाँदा यी कुरामा दिनुहोस् ध्यान

ओटावा विश्वविद्यालयको एउटा अध्ययनअनुसार तातो कफीको यस्तो प्रभाव



वातावरणले पसिनालाई सजिलै सुक्न मद्दत गर्ने बेलामा मात्रै प्रभावकारी हुन्छ । मौसम अत्यधिक आद्र छ भने पसिना छिट्टै सुक्दैन र शरीरलाई राहत मिल्नुको सट्टा अझ बढी गर्मी महसुस हुन सक्छ । त्यसैले तातो कफीको लाभ मौसम र शरीरको अवस्थामाथि निर्भर हुन्छ । सुख्खा मौसममा तातो कफी बढी उपयोगी हुन सक्छ भने अत्यधिक आद्र भएको अवस्थामा सावधानी अपनाउनु उपयुक्त हुन्छ ।

**कुन हो गर्मीमा कफी पिउने सही समय ?**

कफी पिउने समय पनि महत्वपूर्ण मानिन्छ । ताजा बनाइएको तातो कफीमा प्रशस्त मात्रामा एन्टिअक्सिडेन्ट पाइन्छ, जसले स्वास्थ्यलाई फाइदा पुऱ्याउँछ । कफी खाली पेट पिउनुभन्दा बिहानको खाजा खाइसकेपछि वा केही समयपछि सेवन गर्नु राम्रो मानिन्छ । यसले अम्लपित्त तथा तनावसँग सम्बन्धित हर्मोनको प्रभाव कम गर्न सहयोग पुऱ्याउन सक्छ ।

## सामान्यज्ञान

१, नेपालमा यही मन्त्रालय वा विभागले गर्ने भनेर प्रष्टसँग नतोकिएको वा किटानी नभएको काम कुन मन्त्रालयले गर्ने प्रावधान छ ?
*(क) गृह मन्त्रालयले (ख) सामान्य प्रशासन मन्त्रालयले*
*(ग) प्रधानमन्त्रीको कार्यालयले (घ) मन्त्रिपरिषद्ले*

२, आयुर्वेदका प्रवर्तक भनेर कसलाई भन्ने गरिएको छ ?
*(क) आचार्य चरक (ख) आचार्य सुश्रुत*
*(ग) धन्वन्तरी (घ) ब्रह्माजी*

३, नेपालमा हरित शहर भनेर चिनिने शहरको नाम के हो ?
*(क) पोखरा (ख) हेटौंडा (ग) बनेपा (घ) धुलिखेल*

४, वि. सं. २०७९ मा मदन पुरस्कार पाउने कृतिको नाम के हो ?
*(क) अर्को भोर (ख) दमिनी भीर (ग) करिया (घ) अग्नि*

५, वि. सं. २०७९ मा पद्मश्री साधना सम्मान पाउने साहित्यकारको नाम के हो ?
*(क) पद्मावती सिंह (ख) माया ठकुरी*
*(ग) भागीरथी श्रेष्ठ (घ) सुलोचना मानन्धर*

६, सैपाल हिमाल नेपालको कुन जिल्लामा रहेको छ ?
*(क) बझाङ (ख) दार्चुला (ग) हुम्ला (घ) कालीकोट*

७, नेपालमा हालसम्म कति जनालाई राष्ट्रिय विभूति भनेर घोषणा गरिएको छ ?
*(क) १७ (ख) १८ (ग) १९ (घ) २०*

८, विश्वकप फुटवल खेल कहिलेदेखि सुरू भएको हो ?
*(क) सन् १९३० (ख) सन् १९३१*
*(ग) सन् १९३२ (घ) सन् १९३३*

९, कतार विश्वकप खेल २०२२ कतिवटा रङ्गशालामा खेलाइँदै छ ?
*(क) ४ वटा (ख) ६ वटा (ग) ८ वटा (घ) १० वटा*

१०, नेपालमा राष्ट्रिय विज्ञान दिवस कुन दिन मनाइने गरिन्छ ?
*(क) असार १ गते (ख) साउन १ गते*
*(ग) भदौ १ गते (घ) असोज १ गते*

११, नेपालमा दोस्रो गौतम बुद्ध भनेर चिनिने प्रतिभाको नाम के हो ?
*(क) जय पृथ्वीबहादुर सिंह (ख) भवानी भिक्षु*
*(ग) बालकृष्ण सम (घ) लेखनाथ पौड्याल*

**सही उत्तर**
*१-(क), २-(ग), ३-(ख), ४-(घ), ५-(ख), ६-(क), ७-(ख), ८-(क), ९-(ग), १०-(घ), ११-(क)*
*स्रोत विभिन्न पत्रपत्रिका*

## दैनिक राशिफल

आज मिति
२०८३ साल
जेठ २८ गते
बिहीबार
11 June, 2026
तिथि: एकादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | लेनदेनको कारोबारमा झमेला हुन सक्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मनमा उत्साह जाँगर बढेर आउने साथीभाइबाट सहयोग । |
| मिथुन | का कि कु घ ङ छ के को हा | भ्रमणको योग देखिन्छ । खर्चको मात्रा बढेर जाला । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | विदैशिक यात्रा होला । रोजगारको अवसर । मन खुशी । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | ब्यापार व्यवसायमा लाभ । धन सञ्जय नहुने । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मनमा धेरै कुरा खेल्ने । विश्वास बढी गर्नाले धोका । |
| तुला | हि हु हे हो डा डि डु डे डो | स्वास्थ्यमा केही सुधार मान्यजनबाट आशिर्वाद प्राप्ती । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | सामाजिक गतिविधिमा सकृय । परोपकारी भावना जागृत । |
| धनु | य यो भा भी भ धा फा ढ भे | आर्थिक समस्याले सताउने । मनमा धेरै कुरा खेल्ने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | पठन पाठनमा मन लाग्ने । आम्दानीका बाटाहरु खुल्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | मनमा पीडा । आर्थिक पक्ष मध्यम । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आफन्तबाट सहयोग । मन भने चञ्चल रहने । |

# नक्कली प्रहरी बनेर लुटपाट गर्ने पक्राउ

**दमक/** सादा पोसाकको प्रहरी हौँ भन्दै सर्वसाधारणलाई धम्क्याएर लुटपाट गर्ने दुई जनालाई झापा प्रहरीले लागुऔषधसहित पक्राउ गरेको छ । इलामको माई नगरपालिका वडा नम्बर १ सन्दुवा बस्ने ३६ वर्षीय तीर्थ गिरीलाई लुटेर फरार भएका उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी प्रहरी निरीक्षक विजय चौहानका अनुसार झापाको मेचीनगर नगरपालिका वडा नम्बर ६ पिप्ल ठ्याकस्थित सडकमा दुई जना अपरिचित पुरूषले गिरीलाई रोकेका थिए । आफूहरु सादा पोसाकका प्रहरी कर्मचारी भएको बताउँदै उनीहरूले गिरीको साथमा रहेको १ थान मोबाइल, ६०० रूपैयाँ नगद, नागरिकता, स्वास्थ्य बिमाको कागजपत्र र १ थान सुनको फुली जबरजस्ती लुटेर फरार भएका थिए ।

घटना लगत्तै पीडित गिरीले दिउँसो १:०० बजे इलाका प्रहरी कार्यालय काँकरभिट्टामा जानकारी गराएका थिए । प्रहरीले मेचीनगर नगरपालिका वडा नम्बर ६ भानुटोल बस्ने ३३ वर्षीय प्रलाद कार्कीको घर कोठामा खानतलासी गरेको थियो ।

कार्कीको सुत्ने कोठा चेकजाँच गर्दा लुकाएर राखिएको अवस्थामा खैरो हिरोइनजस्तो देखिने लसाइलो पदार्थ २ पोका फेला परेको प्रहरीले जनाएको छ । लुटपाट र लागू औषध कारोबारमा संलग्न रहेको आरोपमा प्रलाद कार्की र मेचीनगर नगरपालिका वडा नम्बर ७ कञ्चनजङ्घा टोल बस्ने २२ वर्षीय विशाल बास्कोटा दुवै जनालाई नियन्त्रणमा लिएको छ ।

### *दमक अस्पताल....*

र अस्पतालको सफलता सम्पूर्ण दमकवासीका लागि गौरवको विषय भएको नगरप्रमुख थापाले बताए । २०७३ सालमा १९ कट्ठा जग्गामा स्थापना भएको दमक अस्पताल हाल १५ शैयाबाट विस्तार हुँदै अहिले ७८ पुगिसकेको छ । अस्पतालमा हाल २८ जना कन्सल्टेन्ट चिकित्सक, २४ मेडिकल अफिसर, एक बीडीएस चिकित्सक, ४५ नर्स, १७ ल्याब सहायकसहित २ सय ३५ जना कर्मचारी कार्यरत छन् । आर्थिक रूपमा पनि अस्पताल सबल बन्दै गएको छ । स्वास्थ्य बीमा बोर्डमा रहेको बक्यौतासहित वार्षिक अरबको हाराहारीमा आम्दानी अस्पतालले गर्दै आएको थापाको दावी छ ।

अस्पतालले प्रविधिमैत्री सेवा विस्तारलाई प्राथमिकतामा राखेको छ । यतिखेर अस्पतालले भवनको दोस्रो तलामा प्रयोग विहिन रहेका स्थानलाई समेत प्रयोगमा ल्याउने गरी कार्ययोजना अगाडि बढाएको अधिकृत श्याम राजवंशीले बताए । त्यो सँगै मुख्य भवनको टपमा पुनः एक तला थप्ने कामले अस्पतालको ३ सय शैयाको अस्पताल बनाउने संरचनालाई थप बल पुर्‍याउने उद्देश्य रहेको उनले बताए । यसैगरी, टोकन प्रणाली, इलेक्ट्रोनिक मेडिकल रेकर्ड (ईएमआर) प्रणाली तथा विभिन्न डिजिटल व्यवस्थापन प्रणालीको प्रयोगले सेवा प्रवाहलाई थप प्रभावकारी बनाएको छ । पोस्ट-अपरेटिभ सेवाका लागि ११ शैयाको विशेष कक्ष सञ्चालनमा आएको छ भने रिपोर्ट वितरणका लागि छुट्टै काउन्टरको व्यवस्था गरिएको छ । यसैगरी पछिल्लो समयमा अस्पतालमा ६/६ बेडका आसियु, क्याबिन र एचडियु सञ्चालनमा आइसकेको छ ।

अस्पतालको ग्रेडिङका लागि स्वास्थ्य मन्त्रालयले तोकेका विभिन्न पूर्वाधार तथा सेवा मापदण्डको मूल्यांकन हुने गरेको छ । यसअन्तर्गत भूकम्प प्रतिरोधी भवन, पर्याप्त शैया क्षमता, २४सै घण्टा आकस्मिक सेवा, आईसीयू तथा शल्यक्रिया कक्षजस्ता आधारभूत भौतिक पूर्वाधारलाई प्राथमिकता दिइन्छ । त्यसैगरी चौबिसै घण्टा सञ्चालन हुने प्रयोगशाला, डिजिटल एक्स-रे, अल्ट्रासाउन्ड तथा फार्मेसीजस्ता निदान तथा सहायक सेवाको उपलब्धता पनि हेरिने प्रशासन प्रमुख डा. अनुपम घिमिरेले बताए ।

घिमिरेका अनुसार शुद्ध खानेपानी, निर्बाध विद्युत आपूर्ति, अस्पतालजन्य फोहोर व्यवस्थापन र सरसफाइयुक्त शौचालयजस्ता वातावरणीय तथा जनस्वास्थ्यसम्बन्धी व्यवस्थालाई समेत मूल्यांकनको आधार बनाइन्छ । सञ्चार तथा सूचना प्रविधितर्फ वेबसाइट, डिजिटल बिरामी अभिलेख प्रणाली, आकस्मिक सम्पर्क व्यवस्था र स्पष्ट साइनबोर्डको अवस्थाको समीक्षा गरिन्छ । साथै अस्पताल व्यवस्थापन, दक्ष जनशक्ति, बिरामी सुरक्षा, विशेषज्ञ सेवा तथा सामुदायिक स्वास्थ्य कार्यक्रमको प्रभावकारितालाई समेत समेटेर अन्तिम ग्रेडिङ निर्धारण गरिने व्यवस्था रहेको छ ।

शल्यक्रिया सेवामा पनि अस्पतालले उल्लेखनीय फड्को मारेको छ । थाइराइड, पित्तथैली र एपेन्डिक्सको दूरबिन प्रविधिबाट शल्यक्रिया गर्दै आएको अस्पतालले अब महिलाको पाठेघरको शल्यक्रिया पनि ल्याप्रोस्कोपी विधिबाट सुरू गरेको छ । नाक, कान तथा घाँटीसम्बन्धी शल्यक्रिया नियमित भइरहेको छ भने जनरल सर्जरी सेवा पुनः सञ्चालनमा आइसकेको छ ।

कोशी प्रदेशका सरकारी अस्पतालमध्ये पहिलो 'मोडुलर अपरेशन थिएटर' सञ्चालन ल्याईसकेको छ । तीनवटा अत्याधुनिक मोडुलर अपरेशन कक्ष निर्माण सम्पन्न भएपछि शल्यक्रियाका बिरामीले लामो समय पालो कुर्नुपर्ने अवस्था हट्ने अस्पताल प्रशासनको विश्वास छ । हाल दैनिक ६ देखि ९ वटासम्म ठूला शल्यक्रिया हुने गरेका छन् ।

यसैबीच, अस्पतालले सञ्चालन गरेको ९० वर्षमाथिका ज्येष्ठ नागरिक तथा 'क' वर्गका अपाङ्गता भएका व्यक्तिका लागि घरदैलो स्वास्थ्य सेवा कार्यक्रमको सहयोगले पनि अस्पताल ग्रेडिङ बढाउन सफल भएको अस्पतालको सफलताले प्रमाणित गरेको दमक नगरपालिका स्वास्थ्य शाखा प्रमुख ब्रजेशकुमार मेहताले बताए । चिकित्सकीय टोलीको घरदैलो कार्यक्रममार्फत स्वास्थ्य परीक्षण, रोग पहिचान, औषधि वितरण तथा परामर्श सेवा प्रदान गरिँदै आएको उनको भनाइ छ । हालसम्म सयौं नागरिक लाभान्वित भइसकेका छन् । अस्पतालले आईसीयू, एचडीयू, क्याबिन सेवा, स्तनपान कक्ष सञ्चालनमा ल्याइसकेको र अत्याधुनिक सुविधा सम्पन्न नयाँ भवन निर्माण भईरहेको मेहेताले बताए ।

***परराष्ट्रमन्त्री...*** विभिन्न चर्चा परिचर्चाका बीच मन्त्री खनालले जमिनको व्यावहारिक उपभोगका क्रममा स्थानीय स्तरमा केही तलमाथि भएको हुनसक्ने तर्फ मात्र प्रधानमन्त्रीले संकेत गर्न खोजेको प्रस्ट्याए ।

स्थानीय जनताले भोगचलन गर्दै आउँदा सीमा क्षेत्रमा केही जमिन यताउता भएको हुनसक्छ भन्ने आशयका साथ प्रधानमन्त्रीबाट उक्त अभिव्यक्ति आएको भन्दै उनले यस विषयलाई राष्ट्रिय हित र संवेदनशीलताका साथ बुझ्न आग्रह गरे ।

उनले सीमा विवादका विषय कूटनीतिक वार्ताको माध्यमबाट समाधान गर्न सरकार तत्पर रहेको समेत सदनलाई जानकारी गराएका छन् । खनालले अगाडि भने, 'एक देशका नागरिकले अर्को देशको जग्गामा खेतीपाती र बसोबास गरिरहेको अवस्थालाई प्रधानमन्त्रीले इङ्गित गर्नुभएको हो । यसको समाधानका लागि नेपाल इन्डिया बाउन्ड्री वर्किङ ग्रुप र अन्य संयन्त्रले म्यापिङको काम गरिरहेका छन् ।' उनको भनाइ छ ।

## बिमा लेख हराएको सुचना

कम्पनी : life Insurance Corporation (Nepal) Ltd. (LIC Nepal)
Plicy No. 130031340 (१३००३१३४०)
Name : Santosh Timilsina (सन्तोष तिमिल्सिना)

**Santosh Timilsina**
Contact No. 9841556556
Himalayan Bank

## मोबाइल नष्ट नगर्न सर्वोच्चको आदेश

दमक । सर्वोच्च अदालतले सिरहाका परीक्षा केन्द्रबाट बरामद गरिएका मोबाइल फोन र त्यसमा रहेका डाटा नष्ट नगर्न प्रहरी प्रशासन तथा सम्बन्धित निकायलाई आदेश दिएको छ ।

मोबाइल फोनहरु पानीमा डुबाएर नष्ट गरिएको भन्दै अधिवक्ता अनिलकुमार साहलगायतले दायर गरेको निवेदनमाथि सुनुवाइ गर्दै न्यायाधीश श्रीकान्त पौडेलको इजलासले गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय सिरहालगायतका निकायका नाममा आदेश जारी गरेको हो।

अदालतले बरामद मोबाइल र त्यसमा रहेका डाटा सुरक्षित राख्न निर्देशन दिंदै मोबाइल नष्ट गर्नुको कारणबारे लिखित जवाफ पेश गर्न सम्बन्धित निकायलाई आदेश दिएको छ।

**खेलकुद**

# अमेरिकी शैन्य अखडामा इरानको हमला

एजेन्सी । इरानले बहराइन, कुवेत र जोर्डनमा रहेका अमेरिकी सैन्य बेसहरूमा आक्रमण गरेको छ । हर्मुज जलमार्गका इरानी बन्दरगाह र टापुहरूमा अमेरिकाले गरेको हमलाको जवाफमा प्रत्याक्रमण गरिएको इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजीसी) को दाबी छ ।

यसमा अमेरिकी पाँचौं ि लट , कुवेतको अली अल सलेम एयरबेस, जोर्डनको अजराकस्थित एयरबेसलगायत पर्छन् । अल सलेममा ड्रोन तथा अजराकमा लामो दूरीको क्षेप्यास्त्र प्रहार गरिएको आइआरजीसीले जनाएको छ ।

अमेरिकी सेनाका २१ वटा ठेगानामा निशाना लगाइएको र त्यसमध्ये चारवटा क्षेत्र ध्वस्त गरिएको आइआरजीसीको दाबी छ । जोर्डनको आधारमा रहेको एफ(३५ लडाकु विमानको मर्मत तथा भण्डारण स्टेशनलाई ध्वस्त गरिएको आइआरजीसीको दाबी छ । त्यस्तै, इरानी सहर जामको आकाशमा एउटा अमेरिकी एमक्यू-९ ड्रोन खसालिएको दाबी आइआरजीसीको छ ।

मंगलबार बिहान अमेरिकी सेनाले हर्मुज जलमार्गमा रहेका केश्म टापु र इरानी तटवर्ती बन्दरगाहहरूमा आक्रमण गरेको थियो । इरानमाथि आ ्नो अपाचे हेलिकप्टर खसालेको आरोप लगाउँदै अमेरिकाले यो आक्रमण गरेको थियो ।

उक्त आक्रमणले सिरिक सहरको एउटा दूरसञ्चार टावरमा क्षति पुगेको इरानी सञ्चारमाध्यमहरूले जनाएका छन् । त्यस्तै, त्यहाँका दुईवटा पानीका ट्यांकीहरु पनि ध्वस्त भएका थिए ।

**खेलकुद**

# कोशी मोडेललाई एईई कपको उपाधि

विराटनगर । विराटनगरमा भएको ५ औँ एसइई कप अन्तर विद्यालय स्तरीय रनिङ शिल्ड फुटबल प्रतियोगिता उपाधि कोशी मोडेल स्कुल जितेको छ । प्रतियोगिताको फाइनलमा खेलमा कोशी मोडेलले नरग्राम माविलाई २-१ गोल फरकमा पराजित गर्दै उपाधि जितेको हो । कोशीले उपाधिसँगै नगद २५ हजार र उपविजेता बनेको नरग्राम माविले नगद १५ हजारका साथै टूफी प्राप्त गरे । कोशीको जितमा एमडी मासुम नायक बने । उनले २ गोल गर्दै टोलीलाई विजयी बनाए । एक मात्र सान्तवना गोल नरग्रामका लागि समिर बस्नेतले गरे ।

त्यस्तै, व्यक्तिगत विधातर्फ सर्वोत्कृष्ट खेलाडी डनबस्को स्कुलका तनोज राजवंशी, सर्वाधिक गोलकर्ता, शारदा बोर्डिङ स्कुलका रौनक चौधरी, उत्कृष्ट गोलरक्षक नरग्राम माविका आरभ माझी, उत्कृष्ट डिफेन्स कोही मोडेलका सुमित सिंह, उत्कृष्ट मिडफिड कोशी मोडलकै निरज चौधरी र उदयमान खेलाडी डनबस्कोका उदेश केसी भए ।

कार्यक्रमका प्रमुख अतिथि विराटनगर वडा नम्बर १ का वडाध्यक्ष काजीबहादुर बस्नेत, वडा नम्बर ३ का वडाध्यक्ष वासु बस्नेत, १९ नम्बरका वडाध्यक्ष श्याम घिमिरे, एन्फाका पूर्वमानार्थ उपाध्यक्ष सन्तोष बानियाँ, सम्राट स्पोर्टिङ क्लबका अध्यक्ष किरण गिरी, विराट मेडिकल कलेजका सिइओ डा. निकिता कार्की, आइटीएफ तेक्वान्दोका अध्यक्ष प्रवीण कार्कीलगायतले खेलाडीलाई पुरस्कार प्रदान गरे । परोपकारको खेल मैदानमा पोखरिया युथ केयर एकेडेमीको आयोजना तथा विराटनगर महानगरपालिका-१ को सहकार्यमा प्रतियोगिता भएको हो ।

सो अवसरमा पोखरियाका बालबालिकालाई खेलकुदमा लाग्नका लागि अभिप्रेरित गर्ने उद्देश्यले ४० थान फुटबल वितरण गरिएको थियो ।

## सृजनशिल कृषि सहकारी संस्था लि.
### छथर जोरपाटी गाउँपालिका-६, धनकुटाको

## दुवानी सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८३/०२/२५ गते*

राष्ट्रिय कृषि आधुनिकीरकण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई, तेह्रथुमको आ.व ०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कृषि सहकारी संस्था लि.लाई ५०% अनुदानमा सहकारी संजाल मार्फत् कृषि उपजको बजारीकरण सहयोग कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको ढुवानी सवारी साधन खरिद गर्नुपर्ने भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ संसोधन सहितको नियम ३१ (ख) को उपनियम २ बमोजिम उत्पादक वा सोको आधिकारीक विक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक वा आधिकारीक विक्रेताहरुले फर्म दर्ता प्रमाण पत्र, एजेन्सी दर्ता प्रमाण पत्र, आधिकारीकताको प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, ०८१/०८२ को आयकर चुक्ता प्रमाण पत्रको प्रतिलिपिहरु प्रमाणित गरि स्वघोषणा समावेश गरि स्पेशिफिकेशन अनुसारको सवारी साधनको क्याटलग वा ब्रोसर संलग्न राखि यो सूचना प्रकाशित गरिएको मितिले ७ दिन भित्र यस कृषि सहकारी संस्था लि.मा शिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्रस | सवारी साधनको संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| 1 | 2WD Single Cab Pickup, Two Door Right Hand Drive Mode 4 Cylinder, min. 2500 cc, not less than 80 HP at Governed RPM with torque, Payload load not less than 1700 kg, Min 200NM, Fuel tank min 55 liter. | 1 | |

***नोट :*** *खरिद गरिने सवारी साधनको थप स्पेशिफिकेशन यस कृषि सहकारी संस्था लि.मा सम्पर्क गर्नुपर्ने छ साथै थप जानकारीको लागि फोन नं.: ९८५०५०५८९, शिलवन्दी प्रस्ताव खोल्ने मिति २०८३/०२/३१ गते वेलुकी ५:३० बजे ।*

# फार्मेसीमा शिलबन्दी

**उर्लाबारी/** मोरङको बुढीगंगा गाउँपालिका-२, टंकिसिनवारीमा रहेको विज्ञान फार्मेसीलाई औषधी व्यवस्था विभागले शिलबन्दी गरेको छ ।

विराट मेडिकल कलेज अगाडि सञ्चालित उक्त फार्मेसीले बिरामीलाई म्याद गुज्रिएको औषधी बिक्री गरेको र मनोद्विपक औषधीको उचित अभिलेख नराखेको पाइएपछि विभागले कारबाही प्रक्रिया अघि बढाएको हो ।

औषधी व्यवस्था विभाग विराटनगर शाखाको टोलीले गरेको अनुगमनका क्रममा सो फार्मेसीले गम्भीर लापरबाही गरेको फेला पारेको थियो । विभागका सूचना अधिकारी एवं फार्मेसी निरीक्षक दिपेन्द्र खड्काका अनुसार, फार्मेसीले बिरामीलाई म्याद नाघेको 'डेप्सिन' नामक स्टेरोइड औषधी बिक्री गरेको उजुरी परेपछि अनुगमन गरिएको थियो । बबिता कार्कीको नाममा दर्ता रहेको उक्त फार्मेसीले औषधी ऐनको प्रावधानविपरीत कारोबार गरेको विभागको ठहर छ ।

### *सडकमै.....*

चुनावका बेला विकासका आश्वासन दिने नेताहरू जितेपछि जनताका आधारभूत समस्या बिर्सने गरेको आरोप लगाए । उनले वडा, नगरपालिका, प्रदेश र संघीय सरकारसम्म पटक-पटक धाउँदा पनि सडक निर्माणको काम अघि नबढेपछि वास्तविक अवस्था देखाउन सडकमै धान रोप्न बाध्य भएको बताए ।

स्थानीय सुरेश धिमालले वर्षा सुरु भएपछि मोटरसाइकलसमेत चलाउन नसकिने र विद्यालय जाने बालबालिका हिलोमा लड्ने गरेको बताए । उनले सडक निर्माणको जिम्मेवारी एकले अर्कामाथि थोपर्ने प्रवृत्तिका कारण समस्या झन् जटिल बनेको टिप्पणी गरे ।

गाउँका पदम भण्डारीले बिरामी पर्दा एम्बुलेन्ससमेत गाउँसम्म पुग्न नसक्ने अवस्था रहेको भन्दै सडकमा धान रोप्नु रहर नभई बाध्यता भएको बताए । अर्का स्थानीय केदार खतिवडाले जनताको धैर्यको सीमा नाघिसकेको भन्दै यो आन्दोलन राज्यको उदासीनताविरुद्धको सांकेतिक विद्रोह भएको उल्लेख गरे ।

***रास्वपा.....*** रास्वपाको विधानअनुसार कोशी प्रदेश कार्यसमिति ६१ सदस्यीय हुनेछ। अधिवेशनबाट सभापति चयन भएपछि निर्वाचित सदस्यहरूमध्येबाट उपसभापति, महामन्त्री, दुई सहमहामन्त्री, कोषाध्यक्ष र प्रवक्ता चयन गरिने व्यवस्था छ । प्रदेशको नेतृत्वका लागि वर्तमान कार्यवाहक सभापति सरिन तामाङ र प्रदेश कोषाध्यक्ष चन्द्र राईलाई बलिया दाबेदारका रूपमा हेरिएको छ। यस्तै केन्द्रीय उद्योग विभागका सदस्य पारशमणि गेलाल र सहकारी विभागका उपप्रमुख चन्द्रकुमार गौली पनि बलिया उम्मेदवार रहेको प्रतिनिधिहरुले बताएका छन् ।

## लाईफ लाईन अस्पताल प्रा.लि.
दमक-५, झापाको

### सुपर स्पेशियालिटी ओपीडी सेवाहरू
**प्रत्येक शनिबार**

१. डा. रामसागर शाह : बरिष्ठ युरोलोजिष्ट
२. डा. खुश्बु प्रिया मिश्र : बरिष्ठ ग्यास्ट्रोईन्टरोलोजी
३. डा. सन्तोष सुवेदी : बरिष्ठ नफ्रोलोजिष्ट
४. डा. सम्पन्न बुढाथोकी : बरिष्ठ कार्डियोलोजिष्ट

सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३
समय : बिहान १० बजेदेखि २ बजेसम्म ।

## दमक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमक झापाको

## प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धमा सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८३/०२/२८*

कोशी प्रदेश, झापा जिल्ला, दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय<br>दमक, झापा, कोशी प्रदेश<br>ईमेल: info@damakmun.gov.np<br>फोन नं.०२३५९७००० Ext No. ६४१ |
| प्रस्तावको व्यहोरा | ईन्द्रेणी तालमा मोटरबोट/ पर्यटकीय क्रियाकलाप सञ्चालन |
| प्रभाव पर्न सक्ने क्षेत्र | दमक नगरपालिका वडा नं. १० |
| परामर्शदाताको नाम र ठेगाना | श्री स्वर्णिम ईन्जिनियरिङ कन्सल्टेन्सि, दमक-०१, झापा<br>सम्पर्क नं. ९८५२६८३६७८<br>इमेल : keshavsubedi102@gmail.com |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रहरुमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न दमक नगरपालिका वडा नं. १० तथा त्यस क्षेत्रका स्थानीय वासीहरु, सरोकारवाला व्याक्तिहरु तथा स्थानीय तहका प्रतिनिधीहरु समेतलाई सहभागी गराई सार्वजनिक सुनुवाई/छलफल कार्यक्रम गर्नुपर्ने भएकाले यस प्रस्तावसँग सरोकार राख्ने सम्पुर्ण सरोकारवाला व्याक्तिहरु निम्न मिति र समयमा उपस्थित हुन अनुरोध गर्दै यो सूचना प्रकाशन गरिएको हो ।

**कार्यक्रम आयोजना गरिने स्थान र समय**

| मिति | समय | स्थान | प्रभावित न.पा. (वडा) |
|---|---|---|---|
| २०८३/०३/०६ गते, शनिबार | बिहान ८ बजे | ईन्द्रेणी ताल दमक नगरपालिका वडा नं. १० | दमक नगरपालिका वडा नं. १० |

*प्रमुख प्रशासकीय अधिकृत*

## अवैध चोरी निकासी नियन्त्रण गरौं

- गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने / ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,
- प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,
- आर्थिक सुशासन कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल
**कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **मुद्रण**: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com